अग्नीसाइर कृष्णासवरन गाउँपालिका

# गाउँ कार्यापालिकाको कार्यालय

सीतापुर, सप्तरी

मधेश प्रदेश, नेपाल

## दशौं गाउँसभा– २०७९

## नीति, योजना तथा कार्यक्रम

मिति: २०७९।०३।१० गते

## अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको मिति २०७९।०३।१० गते दशौ गाउँसभाबाट आ.व. २०७९।०८० का लागि पारित गा.पा. उपाध्यक्ष श्री कल्पना कुमारी चौधरी ज्युबाट प्रस्तुत

# नीति, योजना तथा कार्यक्रम

**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन पुर्वाधार, गाउँपालिकाको समृद्धिको आधार"**

गाउंसभा अध्यक्ष ज्यू,

अग्नीसाइर कृष्णासवरन गांउपालिकाको आज प्रारम्भ भएको दशौं गाउंसभामा आर्थिक वर्ष २०७९।२०८० को निति तथा वजेट कार्यक्रम प्रस्ताव पेश गर्न पाउदा गौरवान्वित भएको छु । यस पालिकाको दिगो विकासको लागि निति तथा कार्यक्रम निर्माण प्रकियामा सहयोग पुर्याउनु हुने सम्पुर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छुसाथै अगामी दिनमा पनि यस पालिकाको समुनत विकासको लागि तपाईहरुको साथ र सहयोगको अपेक्षा समेत गरेकोछु । सर्व प्रथम देशको विभिन्न राजनितिक परिर्वतनहरु प्रजातन्त्रको स्थापना, पुनर्स्थापना, दशवर्षे जनयुद्ध, संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि जन आन्दोलन, मधेश आन्दोलन लगायत लोकतान्त्रिक आन्दोलनहरुमा घाइतेहुनु भएका अपाङ्गहरु प्रति सम्मान व्यक्त गर्दछु । आन्दोलनकै कममा आफनो अमुल्य जिवन आहुति दिनु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भाव पुर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

आर्थिक वर्ष २०७९।२०८० को बार्षिक निति तथा वजेट प्रस्ताव पेश गरिरहेको यस घडीमा अग्नीसाइर कृष्णासवरन गाउंपालिकाको सूनौलो भविष्य, चौतफि विकास, जनअपेक्षा संग जोडिएको हुदा गाउंपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, पुर्वाधार विकास, सामाजिक संस्थागत विकास एवम वातावरण तथा विपद व्यवस्थापन लगायत सर्वपक्षिय विकासको लागि नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन २०७४, नेपाल सरकार बाट जारि भएको प्रचलित ऐन नियम, निर्देशिका र नितिहरुलाई अनुसरण गर्दै जननिर्वाचित पदाधिकारी, विपयगत विज्ञहरु, जनस्तरबाट आएको सल्लाह सुभावहरुलाई आत्मसाथ गर्दै बृहत रुपमा विचार एवम विमर्श गरि आ.व. २०७९।२०८० को निति तथा बजेटमा सबै क्षेत्रलाई प्राथमिक्ता दिने प्रयास गरेको छु । समानुपातिक समावेसी र न्यायोचित जनसहभागिता तथा समान पहुंचको वातावरण तयार गरि कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप संघिय लोकतान्त्रिक गणतन्त्रात्मक साशन प्रणालीलाई स्थानिय तह देखि नै सुदृढीकरण गर्न स्थानिय नेतृत्वको विकास गर्दै साशन पद्धतिलाई

सुदृढीकरण, स्थानिय तहमा कार्यपालिका व्यवस्थापिका र न्याय पालिकाको अभ्यासलाई संस्थागत गर्दै बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

हाम्रो पालिका र हाम्रो समाजका अधिकांस परिवार गरिवीको रेखामुनी रहेकाछन् । यसको कारण शिक्षा, स्वास्थ्य, भौतिक पुर्वाधार विकासमा विज्ञान संगत तरिकाले दिर्घकालिन योजना तर्जमा र कार्यान्वयन गर्न नसक्नु हो । त्यस्तै गरि हाम्रो पालिका करिब ८० प्रतिशत कृषिमा आधारित अर्थव्यवस्थामा संलग्न रहेपनि कृषि क्षेत्रमा आधुनिकरण,व्यवसायिकरण र वैज्ञानिक पद्धति संग जोडने किसिमको दिर्घकालिन योजनाहरु तर्जमा गरि कार्यान्वयन नगर्दा बेरोजगारीको विकराल समस्या हामी संग चुनौतिको रुपमा चट्टान झैं उभिएको छ । यसको परिणाम गरिवी , सामाजिक विकृति र व्यापक मात्रामा युवा जनशक्ति बैदेशिक रोजगारमा पलायन हुन वाध्य भएका छन् ।

हामी एकाईसौं सताब्दीको विज्ञान प्रविधीको युगमा रहे पनि आज सम्म पौराणिक पद्धति, प्रविधिमै निर्भर रहेका छौं । हाम्रो अर्थ निति उत्पादन मुखि नभई निर्वाह मुखि भएको कारण हाम्रो समाज आज सम्म पछौटेपनको सिकार भएको छ । तसर्थ यी यावत चुनौतिहरुलाई आत्मसाथ गर्दै अनुत्पादक क्षेत्रलाई निरुत्साहन गर्दै उत्पादक क्षेत्रलाई प्रोत्साहन गर्नु आजको आवश्यकता हो । त्यसैले बजेट सिमा निर्धारण र योजना तर्जमा गरिरहदा उत्पादन मुखि क्षेत्रहरु शिक्षा, स्वास्थय, कृषि, पर्यटन, उद्यम विकास, भौतिक पुर्वाधार विकास लाई प्राथमिकतामा राखि दिर्घकालिन योजना अनुसार दिगो विकासलाई टेवा पुग्ने गरि योजना तर्जमा गरिएको छ । मानविय संसाधन विकास हेतु युवा तथा खेलकुद, लैगिक समानता, महिला शसक्तिकरण, कलासंस्कृति, गरिवी निवारण लगायतका क्षेत्रमा विशेष कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

आगामी आ.व.२०७९।०८० मा आन्तिरिक राजश्व आम्दानी अनुमानित रु ४ करोड, नेपाल सरकारको वित्तीय समानीकरणबाट रु ११ करोड ५२ लाख, सशर्त अनुदन २० करोड ९ लाख, (स्वास्थ्य, कृषि, पशु आयुर्वेद, प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रिय परिचय पत्रको कार्यक्रम, बहुक्षेत्रीय पोषण, मेडपा लगायत अन्य), समपुरक अनुदान रु ७० लाख, राजश्व बाँडफाँड ९ करोड ४ लाख ७३ हजार, सामाजिक सुरक्षा भत्ता रु १५ करोड, जम्मा संघिय अनुदान रु ४५ करोड ५ लाख। ७३ हजार, प्रदेश सरकार वित्तीय समानीकरण रु ८१ लाख, ३२ हजार, विशेष अनुदान तर्फ ३० लाख, समपुरक अनुदान २० लाख, प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ ३० लाख (सावरी साधन) प्रदेश तर्फ जम्मा १ करोड ६१ लाख ३२ हजार, आन्तरिक श्रोत तर्फ गत बर्षको अल्या.रकम १ करोड, आन्तरिक राजश्व अनुमान रु ४ करोड गरी जम्मा रु ५ करोड, संघ, प्रदेश र आन्तरिक गरि कुल जम्मा रु ५१ करोड ६७ लाख ५ हजार अनुमान प्रस्तुत गरेको छु र सोही बमोजिम खर्च गरिने व्यहोरा जानकारी गराउन चाहन्छु । वडाहरुबाट आएका विकास आयोजनाहरुलाई जस्ताको त्यस्तै योजना छनौट गरिएको छ । संघीय, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने बजेट साथै आन्तरिक श्रोतको बजेट सिलिङ्गमा थपघट भई आएमा संशोधन तथा समायोजन गरिनेछ ।

यस बजेटमा समावेश गरिएका जनपक्षिय योजना तथा कार्यक्रमहरु पालिका संग उपलब्ध स्रोत र साधनको प्रयोग संघिय एवम प्रादेशिक सरकारहरुको सहयोगमा सफल बनाउने परिकल्पना गरिएको छ । हाम्रो पालिकालाई नमुना पालिकाको रुपमा रुपान्तरण गर्न जनप्रतिनिधि, राष्ट्र सेवक कर्मचारी, स्थानिय संघ संस्थाहरु, सामाजिक अभियान्ताहरु, नागरिक समाज, बुद्धिजिवि लगायत राज्यका चौथो अंग पत्रकार मित्रहरुको विशेष सहयोगको आवश्यक रहेको हुदा सहयोगको अपेक्षा गरेको छु । साथै आर्थिक बर्ष २०७९।२०८० को निति तथा बजेट कार्यक्रम योजना तर्जुमा प्रक्रियामा मलाई सहयोग गर्नु हुने समितीका सदस्यहरु, सहकर्मी मित्रहरु, विषय विज्ञहरु सम्पुर्णलाई हार्दिक धन्यवाद अर्पण गर्दछु ।"

अग्नीसाइर कृष्णासवरन गाउंपालिकाको मिती २०७९।०३।१० गते दशौं गाउंसभा सदस्यहरुको उपस्थिती:

| क.स. | पदाधिकारीहरुको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिनानाथ चौधरी | गा.पा. अध्यक्ष | दिनानाथ | |
| २ | श्री कल्पना कुमारी चौधरी | गा.पा. उपाध्यक्ष | कल्पना चौधरी | |
| ३ | श्री सबजुल खलिफा | वडा अध्यक्ष वडा नं. १ | [signature] | |
| ४ | श्री पशुपति प्रसाद चौधरी | वडा अध्यक्ष वडा नं. २ | [signature] | |
| ५ | श्री गोपाल प्रसाद चौधरी | वडा अध्यक्ष वडा नं. ३ | [signature] | |
| ६ | श्री तेज नारायण यादव | वडा अध्यक्ष वडा नं.४ | [signature] | |
| ७ | श्री सबदुल मियां | वडा अध्यक्ष वडा नं. ५ | सबदुल | |
| ८ | श्री अशोक कुमार आचार्य | वडा अध्यक्ष वडा नं. ६ | [signature] | |
| ९ | श्री श्रीकुमारी चौधरी | कार्यपालिका सदस्य | श्री कुमारी | |
| १० | श्री सोभा कुमारी चौधरी | कार्यपालिका सदस्य | [signature] | |
| ११ | श्री जानकी कुमारी चौधरी | कार्यपालिका सत्रदस्य | | |
| १२ | श्री निर्मला परियार | कार्यपालिका सदस्य | निर्मला | |

दिलानाथ चौधरी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १३ | श्री कपिल सरदार बांतर | कार्यपालिका सदस्य | | |
| १४ | श्री राधेश्याम राम | कार्यपालिका सदस्य | | |
| १५ | श्री बैजनाथ देखि थरुनी | सदस्य वडा नं.१ | | |
| १६ | श्री पार्वती राम | सदस्य वडा नं.१ | पार्वती | |
| १७ | श्री देवकान्त चौधरी | सदस्य वडा नं.१ | | |
| १८ | श्री रामगेन सिंह | सदस्य वडा नं.१ | रामगेन | |
| १९ | श्री सत्न खत्वे | सदस्य वडा नं.२ | | |
| २० | श्री उर्मिला देवी राम | सदस्य वडा नं.२ | | |
| २१ | श्री सोमनी देवी सदा | सदस्य वडा नं.३ | सोमनी | |
| २२ | श्री सुनिता विश्वकर्मा | सदस्य वडा नं.३ | | |
| २३ | श्री छुतहरु मंडल | सदस्य वडा नं.३ | | |
| २४ | श्री परमानन्द चौधरी | सदस्य वडा नं.३ | | |
| २५ | श्री नरेश कुमार मंडल | सदस्य वडा नं.४ | | |
| २६ | श्री रेखा कुमारी दास | सदस्य वडा नं.४ | | |
| २७ | श्री मंजु देवी सदा | सदस्य वडा नं.४ | | |
| २८ | श्री गयाराम चौधरी | सदस्य वडा नं.५ | | |
| २९ | श्री हरि खंग | सदस्य वडा नं.५ | | |
| ३० | श्री सिता देवी साह | सदस्य वडा नं.५ | | |

दिलानाथ चौधरी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३१ | श्री फुदनी देवी मुसहर्नि | सदस्य वडा नं.५ | | |
| ३२ | श्री तेतर प्रसाद चौधरी | सदस्य वडा नं.६ | | |
| ३३ | श्री देवकान्त चौधरी | सदस्य वडा नं.६ | | |
| ३४ | श्री मधुमाया सुवेदी | सदस्य वडा नं.६ | | |
| ३५ | श्री कमलदेव यादव | सदस्य सचिव(प्र.प्र.अ.) | | |

**क. राजनैतिक तथा शासन व्यवस्था सम्बन्धी नीति :**

१. यस अग्नीसाइर कृष्णासवरन गाउंपालिका वाट प्रवाह हूने सम्पुर्ण जनसेवाका कार्यकमहरु जनस्तरमा समान पहुंच सूनिश्चित गरि सूशासन सहितको शासन व्यवस्था स्थापना गरिनेछ ।

- ✓ कर्मचारी संगठनलाई व्यवस्थित, स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शि, भ्रष्टचारमुक्त, चुस्त दुरुस्त, अनुसाशित एवम जनउत्तरदायि बनाउने कदम पहिलो आधार हुनेछ।
- ✓ सार्वजनिक सेवा प्रवाह, सामाजिक विकास, समान न्यायिक पहुच लगायतका विषयमा पालिका र जनसमुदाय विच अन्तरसम्वन्ध मजवुत वनाउन वढी भन्दा वढी जनसहभागिता गराई जनउत्तरदायि र सहभागितामुलक पालिका निर्माण गरिनेछ ।
- ✓ यस गाउंकार्यपालिकाको सम्पुर्ण गतिविधीहरुलाई पारदर्शि, जनमुखि र जनस्तरमै सुचनाको हक प्रत्याभुति गराउन प्रत्येक कार्यपालिका वैठक, समिति उप समितिका वैठक पालिका संग जोडिएका विभिन्न कार्यकमहरु आमसंचार माध्यम, सामाजिक संजालहरुमा प्रत्यक्ष प्रसारण (Live) गरि जनस्तरवाट प्रत्यक्ष क्रियाप्रतिक्रिया, सल्लाह सुझाव लिने वातावरण तयार गरिनेछ ।

२. दैनिक प्रसाशनिक सेवा प्रवाहमा प्रयोगमा आएका आधुनिक प्रविधि उपकरणहरुलाई उचित व्यवस्थापन, आवश्यक विधुतिय साशन प्रणालि संग सम्वन्धित उपकरणहरु व्यवस्था गरि सहज र सरल तरिकावाट प्रसाशनिक सेवा प्रदान गरिनेछ ।

३. गाउंपालिकाको कार्यलय मातहतका विषयगत शाखा महाशाखाको कार्यसम्पादन प्रक्रिया अस्तव्यस्त रहेको र सो अवस्थाले सेवाग्राही जनसमुदायहरुलाई असहज वातावरण वनेको हुदा महत्वपुर्ण शाखा महाशाखा हरुलाई आवश्यक जनशक्ति ( कर्मचारी), पूर्वाधारको व्यवस्थापन तथा अन्य शाखाहरुलाई समायोजन गरि चुस्तदुरुस्त कार्यसम्पादन को वातावरण तयार गरिनेछ ।

४. दिर्घकालिन, मध्यमकालिन, अल्पकालिन, र आकपमिक योजनाहरु बनाईनेछ ।

५. गाउंपालिका अर्न्तगतको सम्पुर्ण आर्थिक कारोवार लाई व्यवस्थित एवम प्रभावकारी ढंगवाट संचालन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को ७४ बमोजिम

सम्पुर्ण विषयगत शाखाका प्रमुखहरुको संयुक्त नाममा बैंक खाता, संचालन गरी प्रमुख प्रशासकिय अधिकृतको अनिवार्य दस्तखत र बाँकी उपस्थित मध्ये एक जनाको हस्ताक्षरबाट कारोवार हुने व्यवस्था मिलाईनेछ ।

६. आकसमिक बाहेक भैपरी आउने समस्यामा परि कुनै पनि कर्मचारी विदा बस्नु पर्ने अवस्था आएमा सम्बन्धित कर्मचारीले कार्यालयगत काम कारवाहिलाई असर नपर्ने गरी कानुन प्रदत्त अधिकार प्रत्यायोजन गरी अर्को कर्मचारीलाई जिम्मेवारी प्रदान गर्नु पर्ने व्यवस्था मिलाईनेछ ।

७. पालिकाको अधिकार क्षेत्र भित्र पर्ने सार्वजनिक जग्गा संरक्षण सम्वद्धन गर्न स्थानिय भुमि ऐन तथा कार्यविधि बनाई लागु गरिनेछ ।

८. अध्यक्ष ज्यूको कार्यालयगत कार्यसम्पादनमा व्यवस्थित एवम सहजता ल्याउन सचिवालय स्थापना, निजि सचिव, प्रेश सल्लाहकार, कार्यालय सहयोगी, सुरक्षा गार्ड, सवारी चालक, अध्यक्ष ज्युले तोके बमोजिम हुनेछ ।

९. करार कर्मचारीहरुको करार सम्झौता गा.पा. अध्यक्ष ज्युको निर्देशन बमोजिम आवश्यक प्रकिया पुर्याइ कर्मचारी व्यवस्थापन गरिनेछ ।

१०. गाउंकार्यपालिकाको नियमित कामकाजलाई कानुन संगत एवम प्रभावकारी रुपमा संचालन गर्न आवश्यक ऐन नियम विनियम कार्यविधिहरु निर्माण र संसोधन गरिनेछ।

११. गाउंकार्यपालिकाको प्रशासनिक एवम कर्मचारी व्यवस्थापन गर्न समय सापेक्ष वातावरण अनुसार अध्यक्ष ज्युको निर्णयानुसार हुनेछ ।

१२. पैतालिस लाख भन्दा माथिको योजनाहरुको उपभोक्ता समिती गठन प्रकिया तथा योजना संचालन प्रकियामा अध्यक्ष ज्युको अनिवार्य निर्देशन तथा सहभागितामा रहनेछ।

१३. गाउंपालिका क्षेत्रभित्र पर्ने सम्पूर्ण सार्वजनिक (ऐलानी) जग्गाहरुको लगत कायम गरी स्पष्ट श्रेष्ता अभिलेखिकरण गरिनेछ ।

१४. जग्गाधनिले सहमति दिएको, नेपाल सरकारले अधिकरण गरेको र डगर बाटो भनेर लगत कट्टा गरेको जग्गामा मात्र सडक बाटो निर्माण तथा मर्मत कार्य गर्ने व्यव्स्था मिलाईनेछ ।

१५. गाउं कार्यपालिका कार्यालय लगायत अन्य विषयगत कार्यालय निर्माणका लागि आ.व.२०७९।०८० भित्र जग्गाको व्यवस्थापन गरी निर्माण प्रकिया अगाडी बढाइनेछ ।

१६. निर्वाचित जनप्रतिनिधीहरुलाई जनपक्षिय कार्य तथा जनसम्पर्कको लागि कार्यमा सहज वातावरण सृजना गर्न यातायात तथा आवास लगायतका अत्यावश्यक आवश्यक्ता संग सम्बन्धित सेवा सुविधा आवश्यक्त हेरी उपलब्ध गराईनेछ ।

१७. यस गाउंपालिकाका विभिन्न वडाका नागरिक तथा वभिन्न ठाउंका लागि मांग भई आएका ट्यूववेल तथा सोलार सेट बितरण गर्दा गा.पा. अध्यक्ष ज्यूको सिफारिसको आधारमा बितरण गरिनेछ ।

१८. यस गाउँपालिकाका गरिब, दलित, बिपन्न नागरिकका लागि आएको **सुरक्षित नागरिक आवास कार्यक्रमको** रकम बितरण नगरी उक्त रकम यस पालिकाको प्राविधिकको मुल्याङ्कन स्टिमेटको

आधारमा छानामा लाग्ने जस्तापाता, किल्ला काटी पालिकाले आफै खरिद गरि सम्बन्धित बिपन्न नागरिकहरुलाई बितरण गर्ने व्यवस्था मिलाइनेछ।

१८. सामुदायिक बिद्यालयहरुको बिद्यालय दिवा खाजा कार्यक्रमको लागि आएको रकम बिद्यालयहरुलाई हन्तान्तरण नगरी उक्त कार्यक्रम संचालनका लागि सकेसम्म यस गा.पा. भित्र संचालन रहेको सेवा प्रदायक संस्था, फर्म वा कम्पनी खुल्ला बोलपत्रको माध्यमबाट छनौट गरी सोही संस्था, फर्म वा कम्पनीद्वारा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ।

## ख. शिक्षा तथा मानविय संसाधन विकाश :

१. शैक्षिक सुधार कार्यकम अर्न्तगत सामुदायिक विद्यालयको भैतिक पुर्वाधार एवम शैक्षिक गुणस्तर बृद्धि विकासको लागि शिक्षा विदहरु संग विचार विमर्श गरि दिर्घकालिन योजना संचालन गरिनेछ ।
२. यस पालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा निजी विद्यालयहरुका SEE परिक्षा दिई सकेका सम्पूर्ण विद्यार्थीहरुलाई प्रत्येक वर्ष "My live Vision" सेमिनार तथा गोष्ठि विपय विशेपज्ञ द्वारा संचालन गरी विद्यार्थीहरुको उज्वल भविष्यको लागि उत्प्रेरण पदान गरिनेछ ।
३. गरिव तथा जेहेन्दार, आदिवासी, जनजाति, दलित समुदायका विद्यार्थीहरुलाई छात्रबृति तथा प्राविधिक शिक्षाको लागि छात्रबृति (१००%, ५०%, २५%) प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
४. सामुदायिक विद्यालयहरुमा समय सापेक्ष कम्प्युटर शिक्षा, अनिवार्य पुस्तकालय, विज्ञान प्रयोगशाला, प्रोजेक्टर शैक्षिक विधी लागु गरिनेछ ।
५. सामुदायिक विद्यालयमा मोन्टेसरी तथा वाल उद्यानहरु निर्माण गरिनेछ ।
६. पालिका स्तरको एक अपाङ्गमैत्री विद्यालय स्थापना गरिनेछ ।
७. पालिका भित्रका विद्यालयहरुमा विद्यार्थीहरुलाई स्वच्छ पिउने पानी, सफा वालमैत्री शौचालय, निर्माण गरिनेछ ।
८. विद्यालय व्यवस्थापन, शिक्षाको गुणस्तर, आवश्यक फर्निचर, शैक्षिक सामग्री, तथा अन्य आवश्यक सामाग्रीहरु व्यवस्थपनको लागि विद्यालय व्यवस्थापन समितीलाई प्राथमिकता दिईनेछ ।
९. पालिका भित्र थप विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
१०. यस पालिका क्षेत्रलाई प्राविधिक शिक्षाको केन्द्र (Technical Education HUB) रुपमा विकसित गर्न पहल गरिनेछ ।
११. आवश्यक सम्भावयता अध्ययन गरि पांच बर्ष भित्रमा कम्तीमा तीन वटा विद्यालयहरुमा स्नात्तक तहको पठन पाठनको व्यवस्था मिलाईनेछ ।
१२. शिक्षाबाट वञ्चित रहेका बालबालिकाहरुलाई विद्यालयको पहुचमा ल्याउन विशेष कार्यक्रम संचालनमा ल्याईनेछ ।

१३. शिक्षकहरुको लागि नयां पाठ्यक्रम प्रवेधिकरण तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।

१४. विद्यार्थी संग अध्यक्ष कार्यक्रम अन्तरगत अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप प्रत्योगिताहरु आयोजना गरिनेछ ।

१५. एक शैक्षिक शत्रमा दुई पटक शिक्षा शाखा प्रमुख, प्र.अ.हरु, शिक्षा विदहरु संग सामुहिक अन्तरक्रिया कार्यक्रम गरि शैक्षिक रणनिति तयार गरिनेछ ।

## ग. स्वास्थ्य

१. यस पालिका क्षेत्रभरि रहेका प्रत्येक वडाका स्वास्थय चौकी, सामुदायिक अस्पताहरुमा प्रविधियुक्त, दक्ष जनशक्ति सहितको प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाईनेछ । स्वास्थ्य विज्ञहरु संग परामर्श लिएर दिर्घकालिन योजनाहरु संचालनमा ल्याईनेछ ।

२. यस पालिका अन्तर्गतका जेष्ठ नागरिकहरुलाई घरमै पुगि स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

३. गाउंपालिका स्तरिय एक सुविधा सम्पन्न ५० शैयाको सामुदायिक अस्पताल निर्माण सम्बन्धी कार्य अगाडी बढाइनेछ, जस्मा निम्न सुविधा रहनेछ ।
   - ✓ इमजेन्सी सेवा संचालन गर्ने
   - ✓ कम्तिमा एक जना एम वि वि एस डाक्टरले सेवा दिने
   - ✓ ल्याब, एक्सरे, इसिजी, लगायतका अत्यावश्यक सेवा प्रदान गरिने
   - ✓ प्रसुती गृह (वर्थिङ्ग सेन्टरमा) भिडियो एक्सरे सेवा प्रदान गरिने, गर्भवति महिलालाई गरिने भिडियो एक्सरेमा २ पटक निशुल्क सेवा प्रदान गर्ने

४. सामुदायिक अस्पताल, वर्थिङ्ग सेन्टरहरु व्यवस्थित रुपले संचालन गर्न आवश्यक जनशक्ति तथा पुर्वाधार तयार गर्न आवश्यक कार्य अगाडी बढाईनेछ ।

५. गाउंपालिका अन्तर्गत रहेका आयुर्वेद औषद्यालयहरुको स्तरउन्नतीको लागि आवश्यक योजना संचालन गरी आयुर्वेद पर्ति जनस्तर बाटै थप जनचेतना जगाईनेछ ।

६. यस गाउंपालिकाको जेष्ठ नागरिक, सुत्केरी हुने महिला तथा सडक दुर्घटनामा घाईते भएका नागरिकलाई नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने र सो एम्बुलेन्स संचालनमा लाग्ने खर्चको भुक्तानी दिने कार्य अगाडी बढाईनेछ ।

७. यस गाउंपालिकाका सम्पुर्ण गर्भवती, सुत्केरी महिलाहरुलाई उपाध्यक्षसंगको भेटघाट कार्यक्रममा रगत जांच, एक्सरे लगायतका अति आवश्यक औषधी उपलब्ध गराउने कार्यलाई अगाडी बढाईनेछ ।

८. सामुदायिक स्वास्थ्य चौकी, स्वास्थ्य इकाई बाट उपलब्ध हुने सेवा सुविधा बारे गाउंघरमा जनचेतना अभिवृद्धि गर्न गाउंघर क्लिनिक सेवा संचालनको लागि आवश्यक कार्य अगाडी बढाईनेछ ।

९. पालिकामा भएका स्वास्थ्य चौकीहरुमा औषधीजन्य सामग्रीहरु आवश्यक मात्रामा भण्डारण, तथा आपुर्ति गर्ने व्यवस्था मिलाईनेछ ।

दिनानाथ चौधरी
अध्यक्ष

१०. निर्माणाधिन स्वास्थ भवन तथा आयुर्वेद भवनहरुको निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

११. सर्पदंश उपचार केन्द्रको लागि मध्यमकालिन आवधिक योजना तर्जमा गरिनेछ ।

१२. यस पालिका अन्तर्गतका सुत्केरी, गर्भवती महिलाहरुलाई उपाध्यक्षसंगको भेटघाट कार्यक्रमको आयोजना गरी उनीहरुको आवश्यकता अनुसारको उपचारको व्यवस्थापन मिलाइनेछ ।

१३. गरिव, विपन्न र दलितहरलाई स्त्रीरोग विशेषज्ञसंग प्रत्येक ६।६ महिनामा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।

## घ. कृषि तथा पशुपछिं विकाश :

१. यस पालिका क्षेत्रमा प्रमुख कृषिवालिहरु जस्तै आंप, धान, गहुं, मकै, खेती गर्ने कृषकहरुलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराई वैज्ञानिक तथा यान्त्रिकीकरण व्यवसायिक कृषि प्रणालिमा आवद्ध गराईनेछ । श्रोत वीउ उत्पादनको लागि विज बृद्धि कार्यत्रम तथा पोकेट क्षेत्र स्थापना गरिनेछ । जसबाट कृषकहरुको जिवनस्तरमा सकारात्मक परिर्वतन हुने अपेक्षा गरिएको छ ।
   - ✓ करेसावारी तरकारी उत्पादनको लागि विउ विजन तथा प्रविधिहरुको व्यवस्थापन गरिनेछ ।
   - ✓ स्यालो टुवेलहरुको व्यवस्था गरिनेछ ।

२. कृषि क्षेत्रमा लगानी गरिने सहुलियत पुर्ण कर्जा लगानीको लागि पालिकाले वाणिज्य वैंकहरु (माछापुच्छे वैंक, कामना सेवा विकास वैंक) संग समन्मय गरी सहजिकरन गरिनेछ ।

३. कृषि विउ विजन तथा प्राङ्गरिक (अर्गानिक) मलहरुमा अनुदानको व्यवस्था गरिनेछ ।

४. आगामि पांच वर्ष भित्रमा यस पालिकालाई प्राङ्गरिक (कम्पोस्ट) मलमा आत्मनिर्भर वनाउने योजना सहित कार्यक्रम संचालन गरिनेछ ।

५. एक पालिका एक उत्पादन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न एक छुटै कृषि विद सहितको कार्यदल बनाई अध्ययन अनुसन्धान गरि दिर्घकालिन योजना तर्जुमा गरिनेछ ।

६. पशुपालन, दुग्ध उत्पादक, माछा पालक, पोलट्रि फर्म, लगायतका फार्महरुलाई अनुदान, प्राविधिक सहयोग सहितको उपकरणहरु उपलब्ध गरि व्यवसायमा सहयोग गर्ने वातावरण तयार गरिनेछ ।

७. अर्गानिक तथा वायोडाइनामिक खेतीको लागि विशेषज्ञहरुवाट तालिम र गाउंपालिका श्रेत्रमा संचालित अर्गानिक कृषि फर्म लगायतका संस्थाहरुलाई आवश्यक सहयोग उपलब्ध गराई प्रोत्साहन गरिनेछ ।

८. अन्न भण्डारन (शीत भण्डार) केन्द्रको निर्माण कार्यको लागि सम्भाव्यता अध्ययन अनुसन्धान गरिनेछ ।

दिनानाथ चौधरी
अध्यक्ष

९. कृषि विमा तथा पशुपछिं विमामा पालिका बाट अनुदानको कार्यक्रम ल्याई किसानहरुलाई व्यवसायिक सुरक्षाको प्रवन्ध मिलाईनेछ ।
१०. यस पालिकाको संरक्षणमा रहेका पोखरीहरुको ठेकेदार , उपभोक्ताहरुलाई व्यवसायिक ज्ञान प्रवद्धन तालिम तथा प्राविधि सेवा उपलब्ध गराईनेछ ।
११. कृषि उद्योग दर्ता प्रकियामा लाग्ने खर्च र राजश्व छूट सविधा दिईनेछ ।
१२. पालिकामा उपलब्ध बाझो जग्गाहरुको लगत संकलन गरी भुमि बैंक स्थापनार्थ अध्ययन अनुसन्धानको कार्यक्रम संचालन गरिनेछ ।
   - **यस कार्यक्रमको लागि :**
   - क. प्रदेश र संघिय सरकारबाट कार्यकमको लागि पहल गरिनेछ ।
   - ख. कृषि कार्यलाई आवश्यक पर्ने सम्पुर्ण भौतिक पुर्वाधारहरु जस्तै सिचाई, कृषि उपकरणहरु, पोखरी एवम सुविधायुत्त गोठहरु निर्माण गरिनेछ ।
   - ग. कृषि व्यवसायमा रुचि राख्ने कृषक, युवा, कृषि संस्थाहरुलाई भुमि बैंक लिजमा उपलब्ध गराईनेछ ।
१३. कृषि मार्ग निर्माण कार्यको लागि सम्बन्धित निकायहरुमा आवश्यक समन्वय गरिनेछ ।
१४. किसान पहिचानको लागि परिचय. पत्र प्रदान ग़रिने कार्यक्रम लागु गरिनेछ र सोही सुचिकरणको आधारमा राज्यबाट उपलब्ध हुने सेवा सुविधा प्रदान गरिनेछ ।
१५. जडिवुटि खेतीको लागि प्रोत्साहण स्वरुप यस आर्थिक बर्षमा जडिवुटि कृषि फार्म दर्ता प्रकियाको सम्पुर्ण खर्च पालिकाले उपलब्ध गराउनेछ ।
१६. पशुपछिं आहार उत्पादन गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहनको कार्यक्रमहरु ल्याईनेछ ।
१७. कृषि अन्तर्गत हुने हरेक कार्यक्रमहरु पालिका भित्र रहेका सहकारीको पहिचान गरी सहकारी मार्फत कृषि कार्यक्रम संचालनमा ल्याउने ।
१८. पशुबिमा अन्तर्गत सरकारले दिदै आएको प्रिमियममा किसानको व्यवसाय सुनिश्चित गर्दै २५% प्रिमियम गा.पा.बाट दिई पशुपालन तर्फ कृषकलाई उन्मुख गराइनेछ ।
१९. न्युन आयश्रोत भएका किसानहरुलाई पशुपालन कार्यमा प्रोत्साहन गर्न अनुदानको व्यबस्था गरिनेछ ।

## ङ खानेपानी तथा ढल निकास एवम फोहोरमैला व्यवस्थापन र सरसफाई

१. गाउंपालिका भरिका सम्पुर्ण परिवारलाई शुद्ध खानेपानीको लागि उचित कार्यकम थालिनेछ ।
२. हाट बजार तथा चौकहरुमा अव्यवस्थित रुपमा उत्पादन हुने फाहोरमैलालाई बैज्ञानिक रुपमा व्यवस्थापन गर्ने निति तथा कार्यकम ल्याईनेछ ।
३. प्लास्टिकको झोला विस्थापित गरि वातावरणमैत्री कागज एवम कपडको झोला प्रयोगमा ल्याउने सचेतना अभियान संचालन गरिनेछ ।
४. गाउंघरको सडकहरुमा आवश्यकता अनुसार ढल तथा नला निर्माण गरिनेछ ।

५. आवश्यकता अनुसार गाउँटोलमा समरसिबल बोरिङ्ग एवम् ट्युवेल हस्तान्तरण गरिनेछ ।

## च. विद्युतिकरण र आधुनिक उर्जा :

१. बाँझो खेतहरुमा विद्युतिकरण गरि भुमिगत जलसिचाईबाट कृपिजन्य उत्पादनमा वृद्धि गरिने कार्यक्रम लागु गरिनेछ ।
२. विद्युत नपुगेका गाउँटोलमा विद्युतिकरण गरिनेछ ।
३. कृषिमा आधारित कृषकहरु मध्ये आर्थिक रुपले पछि परेको अति विपन्न कृषकहरुलाई कृषि मिटर जडान प्रक्रियामा लाग्ने सम्पुर्ण खर्च पालिकाले व्यहोर्ने वातावरण मिलाईनेछ ।
४. गाउँपालिका भरि बाट संकलन गरिएको फोहोर मैलाहरुबाट जैविक उर्जा उत्पादनको लागि जैविक उर्जा गृह निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने र स्वच्छ एवम सफा पालिका निर्माण गर्ने दिर्घकालिन योजना लागु गरिनेछ ।
५. एक पालिका स्तरिय विद्युत व्यवस्थापन बोड निर्माण गरि पालिका भरिको विद्युतीय समस्याहरु सामाधान गर्न सक्रिय गर्ने व्यवस्था मिलाईनेछ ।
६. आगामि पांच बर्ष भित्रमा नेपाल विद्युत प्राधिकरण (NEA) र यस पालिकाको कार्यालय बीच आवश्यक समन्वय गरि सडक बत्ति प्रवद्धन कार्यक्रम संचालन गरि उज्यालो पालिका निर्माण गरिनेछ ।

## छ. जलस्रोत तथा सिचाई पुर्वाधार

१. महुली, गहिरी, गौरी, अमसोत, डुमरजोर खोलाहरुमा सिचाईको सम्भाव्यता अध्ययन अनुसन्धान गरि प्रादेशिक सरकार तथा संघिय सरकारसंग नहर, पक्की कुलो, निर्माण जस्ता दिर्घकालिन योजनाहरु पेश गरि कृषि जन्य उत्पादनमा वृद्धि गर्ने कार्यक्रमहरुको सुरुवात गरिनेछ ।
२. गाउँपालिका भरिका पौराणिक कुलोहरुको स्तरउन्नती र पक्की कुलोहरु निर्माण गरि संरक्षण सम्वद्धन गर्ने कार्यक्रमहरुको थालनी गरिनेछ ।
३. आगामी पांच वर्ष भित्र खोला गहिरो भएको तर सिचाई गर्नु पर्ने खेत फांटबारीहरु उच्च स्थानमा भएको अवस्थामा लिफटिङ्ग, ड्रोनपाउण्ड, इन्टेक साइफन प्रविधिहरु मार्फत सिचाई व्यवस्थापन गरिनेछ ।
४. नदी कटान क्षेत्रहरुमा केटिङ्ग जालि बृक्षारोपन तथा तटवन्ध निर्माणको लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम प्रदेश सरकार, संघिय सरकार संग योजना माग गरि कृषि योग्यजमिन तथा गाउँवस्तिहरुको संरक्षण गरिने दिर्घकालिन योजनाहरु संचालनमा ल्याईनेछ ।
५. वर्तमान समयमा हाम्रो पालिका क्षेत्रको Water Level (लेयर) दिन प्रतिदिन घटिरहेको हुदा वातावरणिय पर्यावरणमा प्रतिकुल असर परिरहेको अवस्थामा सम्वन्धित समस्यालाई न्युनिकरण गर्न वातावरण विदहरु संग परामर्श लिई सम्भाव्यता अध्ययन अनुसन्धान गरिनेछ ।

दिनानाथ चौधरी
अध्यक्ष

६. भूमिगत जलश्रोत तथा पानिको सतह लाई टेवा पुग्ने तरिकाले चुरे वनको दक्षिणी क्षेत्रमा कृतिम ताल तलैयाको व्यवस्थापन गरिनेछ ।

## ज. सडक तथा यातायात

१. कृषि सडकको अवधारण अघि सारि कृषि सडक निर्माण कार्यलाई अघि सारिनेछ ।
२. पालिका स्तरमा एउटा चार चक्के, दुई चक्के सवारी साधनहरुको लागि ट्रायल सेन्टरको स्थापना गरिनेछ ।
३. अगामी पांच वर्षमा नदी प्रवाहित रहेको क्षेत्रका गाउंहरुमा झोलुङ्गे पुल निर्माण गर्ने आवश्यक पहल गरिनेछ । जंस्तै महुली देखि भिमार, रतवला देखि तीन घरे, इटहर्वा मंडल देखि इटहर्वा सदा टोल आदि ।
४. पञ्चवर्षिय, आवधिक योजना अर्न्तगत महेन्द्र राजमार्ग तथा हुलाकी राजमार्ग संग जोडिने सडकहरु, कालोपत्रे गर्नको लागि आवश्यक सम्भाव्यता अध्ययन अनुसन्धान तथा गुरु योजना तयार गरि सम्वन्धित निकाय तथा सम्बन्धित मन्त्रालयहरुमा योजना पेश गरिनेछ ।
५. ग्रामिन सडक तथा शाखा वाटोहरुको स्तरउन्नति गरि यातायात सेवालाई सहज बनाईनेछ ।

## झ. सुरक्षित आवास व्यवस्था :

१. आवधिक योजना अर्न्तगत अगामी पांच वर्षमा यस पालिका भरि ३,००० सुरक्षित आवास निर्माण गरि गरिवीका रेखा मुनि रहेका एकल महिला, अपाङ्ग, सहारा विहिन जेष्ठ नागरिक, मजदुर किसानहरुका साथै अन्यलाई प्राथमिकतामा राखि आवास हस्तान्तरणगर्ने योजना रहेको छ । यसका लागि पालिकाले अविलम्व जनता आवास कार्यक्रम, सहरी विकास मन्त्रालय, सम्बन्धित संघ संस्थाहरु संग समन्वय तथा छलफल एवम अध्ययन अनुसन्धान गर्नेछ ।
२. नमुना वस्तीहरुको परिकल्पना गरि कार्यान्वयनमा ल्याईनेछ ।
३. पांच वर्षे आवधिक योजना अर्न्तगत एक टोल एक व्यवस्थित सामुदायिक भवन निर्माण गरिनेछ । जस अर्न्तगत पुस्तकालय, ई लाईब्रेरी, वैठक कक्ष, विद्युत, इन्टरनेट, सार्वजनिक शौचालय, खानेपानीको व्यवस्था समेत रहनेछ ।
४. मुर्दाघाटहरुमा मलामी कुरुवा घर निर्माण गरिनेछ ।
५. छाना वितरण तथा विपन्न वर्गको घर सुधार कार्यक्रम गरिनेछ ।
६. विपद व्यवस्थापनका लागि गाउंपालिका र स्थानीय वासिन्दाको समन्वयमा विपद कोषको स्थापना गरिनेछ ।

## ञ. सहकारी क्षेत्रको विकास :

१. उद्यमशिलतामा वल पुर्याउने सहकारीहरुलाई प्राथमिकतामा राखि आवश्यक सहयोग, विचार गोष्ठि, सेमिनार तथा पुंजि विकासमा सहयोग पुग्नेगरी कार्यक्रम ल्याईनेछ ।

२. सहकारी संस्थाहरुलाई प्रयोग गरि स्थानिय स्रोत र साधनमा आधारित लघु व्यवसाय संचालनमा प्रोत्साहन पुग्नेगरि कार्यक्रमहरु ल्याईनेछ ।

३. श्रमसहकारीको स्थापना गरि एक घर एक रोजगार अभियान संचालन गरिने वातावरण मिलाईनेछ ।

४. पालिका र जिल्लामा भएका गैर सरकारी सस्थाहरुको बृहत समेलन आयोजना गरि त्यस्ता संस्थाहरुको साझेदारीमा गैर सरकारी संस्था मैत्री पालिका निर्माण गरिनेछ । यसले रार्पट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रमहरु संचालन गर्ने वातावरण बनाईनेछ ।

## ट. भुमि व्यवस्थापन तथा सहरी विकास :

१. मालपोत तथा जिल्ला नापी कार्यालय र कानुन विदहरु संग परामर्श लिई पालिका बाटै मालपोत कार्यालय बाट सेवा प्रदान गर्न सम्भाब्यता अध्ययन गरिनेछ ।

२. अगामी पांच बर्षमा आवधिक योजना अर्न्तगत सहरी विकास मन्त्रालयको सहयोग, पालिकाको आन्तरिक बजेटबाट यस पालिका क्षेत्रमा अवस्थित बजारहरु जस्तै महुली, जण्डौल, तपेश्वरी हटिया, बनौली, विशालचौक, सितापुर, चांदनी चौक, प्रसवनी, मटिगढा, हरिहरपुर हटियामा बृहत गुरु योजना सहित भौतिक पुर्वाधारहरुको विकास गरिनेछ र हाम्रा बजारहरुलाई व्यापारी, व्यवसाय मैत्री बनाई आन्तरिक राजस्वमा बृद्धि गरि आत्मनिर्भर पालिका निर्माण गर्ने परिकल्पना गरिएको छ ।

३. यस पालिका क्षेत्रमा एक पशुहाट स्थापनाको सम्भावना अध्ययन गरिनेछ ।

४. यस गाउंपालिकाको वडा नं. ६ स्थित औद्योगिक ग्राम र आंप प्रसोधन केन्द्रको सम्पुर्ण निर्माण कार्य पांच बर्प भित्रमा सम्पन्न गरि उद्योग संचालनमा ल्याउने र स्थानिय रोजगारी सुनिश्चित गरिनेछ ।

५. पालिका मातहतका सार्वजनिक जग्गा संरक्षण सम्वद्धनको लागी स्थानिय उपभोक्ता समुह, सामाजिक संस्था हरुबाट गर्ने व्यवस्था मिलाईनेछ । साथै यस बाट पालिकाको आन्तरिक स्रोत बृद्धि समेत हूने अपेक्षा गरिएको छ ।

## ठ. पर्यटन पुर्वाधार विकास तथा प्रवद्धन :

१. यस पालिका क्षेत्र अर्न्तगत रहेका ऐतिहासिक धरोहर बोकेका तिरहुत थान (गौरीमडाइन) बाट कृष्णसवरन हुदै अग्नीसाईर मन्दिर सम्म जोडने पद मार्ग (हाईकिङ्ग ट्रेल निर्माण एवम आवश्यक विकास गरि धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न बृहत गुरु योजना सहितको दिर्घकालिन योजना संचालनमा ल्याईनेछ ।

२. अधुरो रहेको धार्मिक पर्यटकिय स्थल कजला दह, अग्नीसाइर देवस्थल र लडुवा बाव थान लगायतलाई प्रभावकारी ढंगबाट संरक्षण समद्धन गरि पर्यटकीय क्षेत्र बनाउन योजना ल्याइनेछ ।

३. यस पालिका अन्तर्गत रहेको महुली बजार तथा अन्य बजारहरुलाई पनि क्रमिक रुपमा स्मार्टसिटीको रुपमा विकास गर्न संघिय सरकार तथा प्रदेश सरकारसंग समन्वय गरी साझेदारी कार्यक्रम संचालनमा ल्याइनेछ ।

दिनानाथ चौधरी
अध्यक्ष

## ड. कला संस्कृति

१. पालिका क्षेत्रमा एक थारु संग्राहलयको स्थापनाको लागि गुरु योजना तयार गरि पाँच बर्ष भित्रमा सम्पन्न गरिनेछ ।

२. मौलिक परम्परा तिज, जितिया, समाचकेवा, माघि, मोहरम, फागु पुर्णिमा, लोहसार, छठ लगायतका कार्यक्रम संचालन गर्न जातिय संघ संस्थाहरुलाई सहयोग गरिनेछ ।

३. योग तथा अध्यात्मिक शिविरहरु सामुदायिक एवम विद्यालयहरुमा संचालनमा ल्याईनेछ।

४. गाउंघरमा रहेको भजन किर्तन मण्डलीहरुलाई सम्मान स्वरुप सहयोगका कार्यक्रम ल्याईनेछ ।

५. संस्कार संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले एक गुरुकुल शिक्षालय निर्माण गरिनेछ ।

## ढ. युवा तथा खेलकुद :

१. बृहत गुरुयोजना सहित पांच बर्ष भित्र युवा लक्षित एक फुटवल एकेडमी स्थापना गरिनेछ ।

२. पालिका भित्र ऐतिहासिक बोकेका घोगिदाहा, जण्डौल, मोहनपुर, प्रसवनी, मटिगढहा, हरिहरपुर, बनैली, भिमारमा रहेको खेलमैदानहरुको स्तरउन्नतीको कार्यक्रम लागु गरिनेछ ।

३. वैदेशिक रोजगारमा जाने युवाहरुको लागि शिपमुलक तथा रोजगार मुलक तालिमहरुको आयोजना गर्ने कार्यक्रम लागु गरिनेछ ।

४. समयावधि सकेर वैदेशिक रोजगार बाट आएका युवाहरुलाई व्यवसाय विकास तथा उद्यम विकास तालिम दिईनेछ ।

५. नसालु पदार्थ सेवन गर्ने युवा लक्षित मनोसामाजिक परामर्श तथा त्यस्ता युवाहरु लक्षित कार्यक्रम संचालन गरिनेछ ।

६. बृहत अध्यक्ष कप फुटवल प्रतियोगिता आयोजना गरि स्तरीय खेलाडीहरु उत्पादन गरिनेछ ।

७. आधुनिक कभर्डहलको स्थापना गरिनेछ ।

## ण. महिला सम्मानता र शसक्तिकरण :

- महिलाहरुलाई आत्म निर्भर गराउनको लागि, सिलाईकटाई, ब्युटिपार्लर, कम्प्युटर, कुशन तथा खेलौना जस्ता शिप मुलक तालिमहरु संचालन गर्ने ।
- लैङ्गिक हिंसाहरुको विरुद्ध सचेतनामुलक तालिम गोष्ठीहरु संचालन गरिनेछ ।
- किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी तालिमहरु संचालन गरिनेछ ।
- सामाजिक कियाकलापहरुमा नेपाल सरकारको प्रचलित कानुन वमोजिम निर्धारण गरिएको ३३% महिला सहभागिताको वातावरण सृजना हुने गरी कार्यक्रमहरुमा सहभागिता गराईनेछ ।
- प्रजनन स्वास्थ्य, मातृत्व संरक्षण शिक्षा सम्वन्धी तालिम, गोष्ठी, सेमिनारहरु संचालन गरिनेछ ।

- गृहणी महिलाहरुलाई वित्तिय साक्षरता तथा प्राथमिक शेयर बजार सम्बन्धी गोष्ठी तालिमहरु संचालन गर्ने ।
- स्थानिय उत्पादन जस्तै आंप, कागती, खुर्सानी, बाट बन्ने अचार लगायतका मिठाई बनाउने तालिम, प्राविधकि उपकरणको सहयोग गरी साना उद्योग व्यवसाय संचालनमा महिलाहरुलाई सहयोग गरिनेछ ।
- महिलाहरुलाई उद्यमी बनाउदै आत्मनिर्भर बनाउने लक्ष्यका साथ प्रत्येक वडाबाट कम्तीमा २५ जना महिलालाई उद्यमी तालिम दिई संगठित बनाउदै लैजानेछ ।

**त. जेष्ठ नागरिक बालबालिका अपाङ्ग भएकाहरुको उत्थान तथा सामाजिक सुरक्षा:**

- जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण प्रकियामा सहजता ल्याईनेछ ।
- पालिका क्षेत्रमा कम्तीमा एक बटा अपाङ्गमैत्री विद्यालय संचालनमा ल्याईनेछ ।
- जेष्ठ नागरिक तथा अपाङ्गहरुलाई निशुल्क एम्बुलेन्स सुविधा प्रदान गरिनेछ ।
- वालउद्यान तथा बालक्लवहरुको निर्माण गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई लक्षित गरि पाटि, पौवा, चौतारा बनाईनेछ ।

**थ. गरिवी निवारण तथा रोजगारी सिर्जना :**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गरिनेछ ।
- सुचिकृत व्यवसायीहरुलाई व्यवसाय प्रवद्धन तालिम गोष्ठी संचालन गरिनेछ । पालिका भित्र सुचिकृत व्यवसाय गर्ने व्यापारीहरुलाई विभिन्न आधारमा वर्गीकरण गरी नयां, पुरानो, कमपुजि, भएको वढि पुंजी भएकोलाई प्रति वर्प ४ वटा को दरले ५ वर्षमा २० वटा र प्रति वर्प १०० जनाको दरले ५ वर्पमा ५०० जना व्यवसायीहरुलाई व्यवसाय प्रवद्धन तालिम दिई प्रमाणपत्र वितरण गरिनेछ ।
- १००० जना किसानहरुलाई कृपि उद्यमशिल तालिम दिने, यसमा प्रतिवर्ष ४ वटा गरी ५ वर्षमा २० वटा कृपि उद्यम अवलोकन भ्रमण सहितको विपय विशेपज्ञ द्वारा तालिम गोष्ठी संचालन गरिनेछ ।
- व्यवसायिक माछा पालन तथा पशुपालन: यस पालिका अर्न्तगत रहेका पोखरी ठेक्का लिएको व्यक्ति, समुह, उपभोक्ता तथा निजी पोखरी फर्म भएकाहरुलाई समय सापेक्ष व्यवसायिक माछापालन, पशुपक्षि पालन तालिम प्राविधिक सुविधा तथा माछा, मासुको हाट बजार व्यवस्थापन सम्वन्धी व्यवस्था मिलाईनेछ ।
- गाई, भैसी, बाखा, सुगुर जस्ता व्यवसायीक पशुहरु गरिव परिवारहरुलाई अनुदान स्वरुप प्रदान गरि विउ पुजि स्थापना गराईनेछ ।
- गरिवीको रेखामुनी रहेका दलित तथा उत्पिडित समुदायहरुको आर्थिक उन्नतीको लागि शिप विकाश, व्यवसाय प्रवर्द्धन एवम नेतृत्व विकाश सम्वन्धी कार्यकमहरु संचालन गरिनेछ ।

दिनानाथ चौधरी
अध्यक्ष

कल्पना चौधरी

## द. वन तथा वातावरण :

- एक वडा एक ग्रिन पार्क (हरित पार्क) निर्माण गरि ग्रिन पालिका को अवधारणा लागु गरिनेछ ।
- सामुदायिक वनहरु मा घ्रांसे, काठे विरुवा रोपण, कार्यक्रम विरुवा वितरण, संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरु सामुदायिक वन उपभोता समितीहरुसंगको सहकार्य बाट गरिन्छ ।
- सामुदायिक वनहरुमा आम्दानिको श्रोत वढाउन, जडिबुटी, खेतीको लागि प्रोत्साहनमुलक कार्यक्रम लागु गरिनेछ ।
- वृक्षारोपण कार्यक्रम अर्न्तगत ५ वर्षमा कम्तीमा १ लाख विरुवा रोपि हरित क्रान्तीको अवधारणा लागु गरिनेछ ।

कल्पना चौधरी

दिनानाथ चौधरी
अध्यक्ष

अनुसूची ६

# अग्रीसाइर कृष्णासवरन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी
कार्यालयको कोड : ८०२१५५०१३००

### कार्यक्रम / परियोजना अनुसार बजेट विनियोजन

आ.व. : २०७९/८० रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खर्च शीर्षक | लक्ष | इकाई | विनियोजन | स्रोत: आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण: नेपाल सरकार | अन्तर सरकारी वित्तीय हस्तान्तरण: प्रदेश सरकार | अन्तर सरकारी वित्तीय हस्तान्तरण: स्थानीय तह | ऋण | जनसहभागिता | वैदेशिक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८०२१५५०११०१ अग्रीसाइर कृष्णासवरन गाउँपालिका | | | | | | | | | | | | | |
| १ | पारिश्रमिक कर्मचारी | | २११११ | १० | संख्या | १,६०,९८ | १,६०,९८ | ० | ० | ० | ० | ० | ० |
| २ | विद्यालय बाल विकास तथा सहयोगी कर्मचारीको थप तलब भत्ता | | २११११ | १० | गोटा | ४५,०० | ४५,०० | ० | ० | ० | ० | ० | ० |
| ३ | शिक्षणा सिकाइ सहजीकरको लागि गत आ व मा भर्ना गरिएको शिक्षकको तलबभत्ता | | २११११ | १० | संख्या | १३,०० | ० | १३,०० | ० | ० | ० | ० | ० |
| ४ | पोशाक | | २११२१ | १० | संख्या | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| ५ | महंगी भत्ता | | २११३२ | १० | संख्या | ८,०० | ८,०० | ० | ० | ० | ० | ० | ० |
| ६ | कर्मचारीको बैठक भत्ता | | २११३४ | १० | संख्या | ५,०० | ५,०० | ० | ० | ० | ० | ० | ० |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | २११३५ | १० | संख्या | ७,०० | ७,०० | ० | ० | ० | ० | ० | ० |
| ८ | पदाधिकारी बैठक भत्ता | | २११४१ | १० | संख्या | ८,०० | ८,०० | ० | ० | ० | ० | ० | ० |
| ९ | पदाधिकारीअन्य सुबिधा | | २११४२ | १० | संख्या | ९०,०० | ९०,०० | ० | ० | ० | ० | ० | ० |
| १० | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | | २१२१२ | १० | संख्या | ६,०० | ६,०० | ० | ० | ० | ० | ० | ० |
| ११ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | | २१२१३ | १० | संख्या | ५,०० | ५,०० | ० | ० | ० | ० | ० | ० |
| १२ | कर्मचारी कल्याण कोष | | २१२१४ | १ | संख्या | ५,०० | ५,०० | ० | ० | ० | ० | ० | ० |
| १३ | पानी तथा बिजुली | | २२१११ | १० | संख्या | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| १४ | संचार महसुल | | २२११२ | १० | संख्या | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| १५ | इन्धन (कार्यालय प्रयोजन) | | २२२१२ | १० | संख्या | ५०,५० | ४५,०० | ५,५० | ० | ० | ० | ० | ० |
| १६ | सवारी साधन मर्मत खर्च | | २२२१३ | १० | संख्या | १५,०० | १५,०० | ० | ० | ० | ० | ० | ० |
| १७ | बिमा तथा नवीकरण खर्च | | २२२१४ | १० | संख्या | ६,०० | ६,०० | ० | ० | ० | ० | ० | ० |



Scanned with CamScanner

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | १० | संख्या | १२,०० | १२,०० | | | | | | |
| १९ | भुमि आयोगको लागि कार्यालय संचालन तथा व्यवस्थापन खर्च | २२३११ | १० | गोटा | २०,०० | २०,०० | ० | ० | ० | ० | ० | ० |
| २० | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | १० | संख्या | ४५,०० | ४५,०० | ० | ० | ० | ० | ० | ० |
| २१ | इन्धन - अन्य प्रयोजन | २२३१४ | १० | संख्या | ५,०० | ५,०० | ० | ० | ० | ० | ० | ० |
| २२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | १० | संख्या | १५,०० | १५,०० | ० | ० | ० | ० | ० | ० |
| २३ | सेवा र परामर्श खर्च | २२४११ | १० | संख्या | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| २४ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | १० | संख्या | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| २५ | करार सेवा शुल्क | २२४१३ | १० | संख्या | १,५०,०० | १,५०,०० | ० | ० | ० | ० | ० | ० |
| २६ | सरसफाईसेवा शुल्क | २२४१४ | १० | संख्या | ६,०० | ६,०० | ० | ० | ० | ० | ० | ० |
| २७ | अन्य सेवा शुल्क | २२४१९ | १० | संख्या | २५,०० | २५,०० | ० | ० | ० | ० | ० | ० |
| २८ | कर्मचारी तालिम खर्च | २२५११ | १० | संख्या | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| २९ | महिला विकास समवन्धि विविध कार्यक्रम | २२५२२ | १० | गोटा | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| ३० | एम्बुलेन्स परिचालन कार्यक्रम | २२५२२ | १० | संख्या | १५,०० | १,५० | १३,५० | ० | ० | ० | ० | ० |
| ३१ | पत्रकारिता तालिम संचालन पत्रकार महासंग सप्तरीको अगुवाइमा | २२५२२ | १ | संख्या | ५,०० | ० | ५,०० | ० | ० | ० | ० | ० |
| ३२ | प्र अ भेला पालिका स्तरिय | २२५२२ | १० | संख्या | २,०० | ० | २,०० | ० | ० | ० | ० | ० |
| ३३ | योग तथा स्वास्थ्य शिविर संचालन | २२५२२ | १ | संख्या | २,०० | २,०० | ० | ० | ० | ० | ० | ० |
| ३४ | भजन किर्तन मण्डली सम्मान कार्यक्रम | २२५२२ | १० | संख्या | ३,०० | ३,०० | ० | ० | ० | ० | ० | ० |
| ३५ | अध्यक्षकप फुटवल प्रतियोगित | २२५२२ | १ | गोटा | ५,०० | ५,०० | ० | ० | ० | ० | ० | ० |
| ३६ | सांस्कृतिक पर्व संरक्षण जितिया तिज समाचकेवा मोहरम माघि फागु पुर्णिमा लोहसार लगायत | २२५२२ | १० | संख्या | ७,०० | ७,०० | ० | ० | ० | ० | ० | ० |
| ३७ | भ्रमण खर्च | २२६१२ | १० | संख्या | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| ३८ | विविध खर्च | २२७११ | १० | संख्या | ४०,०० | ४०,०० | ० | ० | ० | ० | ० | ० |
| ३९ | सभा सञ्चालन खर्च | २२७२१ | १० | संख्या | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| ४० | बिपद व्यवस्थापन तथा राहत उद्दार एवम पुर्नस्थापन | २७२१२ | १० | गोटा | ५०,०० | ५०,०० | ० | ० | ० | ० | ० | ० |
| ४१ | औषधी तथा उपकरण खरिद | २७२१३ | १ | संख्या | १५,०० | ० | १५,०० | ० | ० | ० | ० | ० |
| ४२ | घरभाडा | २८१४२ | १० | संख्या | ६,०० | ६,०० | ० | ० | ० | ० | ० | ० |
| ४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | १० | संख्या | १५,०० | १५,०० | ० | ० | ० | ० | ० | ० |
| ४४ | सवारी साधन | ३११२१ | १ | संख्या | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| ४५ | प्रविधिमैत्रि विद्गालय व्यवस्थापन १७ वटै सामुदायिक विद्गालय | ३११२२ | १ | संख्या | १०,०० | ० | १०,०० | ० | ० | ० | ० | ० |
| ४६ | मेशिनरी तथा औजार | ३११२२ | १० | संख्या | ४०,०० | ० | ४०,०० | १० | ० | ० | ० | ० |





Scanned with CamScanner

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | | ३११२३ | १० | संख्या | ४०.०० | | | | | | | |
| ४९ | अमित चौधरीको घरदेखी बैजनाथ चौधरीको घरसम्म सडक स्तरोन्नती वडा नं १ | | ३११३४ | १० | संख्या | १०.०० | ० | १०.०० | ० | ० | ० | ० | ० |
| ५० | चांदनी चौक देखी २ नं वडा कार्यालयसम्म कालो पत्रे वडा नं २ | | ३११५१ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ५१ | कालो पत्रे सडक निर्माण राखाधाती हटिया देखि साविक वडा नं ८ सम्म वडा नं ३ | | ३११५१ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ५२ | कजलादह मार्गको सडक स्तरोन्नती टेप्री बडगोरिया वडा नं ४ | | ३११५१ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ५३ | प्रश्नी सडक तथा नाला निर्माण वडा नं ४ | | ३११५१ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ५४ | कालो पत्रे सडक निर्माण साविक वडा नं ३ देखी ४ ५ को चौधरीको घरसम्म वडा नं ३ | | ३११५१ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ५५ | महन्थ धान देखी पुर्व मिलन चौधरीको जग्गासम्म माटो तथा ग्राभेल एवम हरिहरपुल जाने बाटोमा पुल मर्मत वडा नं २ | | ३११५१ | १ | मि. | ४.०० | ० | ४.०० | ० | ० | ० | ० | ० |
| ५६ | कजेला दह जाने बाटोमा कालो पत्रे वडा नं ५ | | ३११५१ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ५७ | पालिकाको सडक देखी गोविन्दको घरसम्म ग्राभेल कार्य | | ३११५१ | १ | मि. | २.०० | ० | २.०० | ० | ० | ० | ० | ० |
| ५८ | तपेश्वरी बजार सतरोन्नती वडा नं १ | | ३११५९ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ५९ | थारु धर्मशाला स्तर उन्नती | | ३११५९ | १ | गोटा | ७.०० | ७.०० | ० | ० | ० | ० | ० | ० |
| ६० | अधुरो गहिरीपुल निर्माण र माटो ग्राभेल इटहर्वा पश्चिम टोल नजिक वडा नं २ | | ३११५९ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ६१ | जनचेतना मा वि घोघिदाहाको वाउण्ड्रीवाल निर्माण | | ३११५९ | १० | मि. | ५.०० | ५.०० | ० | ० | ० | ० | ० | ० |
| ६२ | प्रदेश समपुरक अनुदान तोकिएको योजनाको | | ३११५९ | १ | मि. | २०.०० | ० | ० | २०.०० | ० | ० | ० | ० |
| ६३ | Habitat and MCDC पालिका साझेदारी कार्यक्रम - गरिब विपन्न आवास कार्यक्रम | | ३११५९ | १० | गोटा | ६०.०० | ६०.०० | ० | ० | ० | ० | ० | ० |
| ६४ | नाला निर्माण कार्य चुनीलाल जोशीको घर ट्रान्सफरदेखी प्राविधिको मुल्याङकन जति सुझे कार्य वडा नं ६ | | ३११५९ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ६५ | अधुरो खरियान पार्क निर्माण वडा नं १ | | ३११५९ | १ | मि. | १०.०० | ० | १०.०० | ० | ० | ० | ० | ० |
| ६६ | अग्रीसाइर मन्दिर तथा पर्यटकिय क्षेत्रको स्तरउन्नती | | ३११५९ | १ | मि. | १५.०० | ० | १५.०० | ० | ० | ० | ० | ० |
| ६७ | श्री रत्न गुम्बा निर्माण | | ३११५९ | १० | मि. | ५.०० | ५.०० | ० | ० | ० | ० | ० | ० |
| ६८ | ट्युवेल जडान तथा वितरन पालिका स्तरिय | | ३११५९ | १० | संख्या | ६.०० | ३.१८ | ० | २.८२ | ० | ० | ० | ० |
| ६९ | विजय सिंह स्मारक निर्माण | | ३११५९ | १ | गोटा | ३.०० | ३.०० | ० | ० | ० | ० | ० | ० |
| ७० | चौफाल कल्भर्ट निर्माण वडा नं २ | | ३११५९ | १ | संख्या | १५.०० | १५.०० | ० | ० | ० | ० | ० | ० |
| ७१ | भोलानाथ स्मारक निर्माण वडा नं १ | | ३११५९ | १ | गोटा | ११.०० | ११.०० | ० | ० | ० | ० | ० | ० |
| ७२ | एकिकृत वस्तीमा विद्यालय निर्माण | | ३११५९ | १० | गोटा | १५.०० | १५.०० | ० | ० | ० | ० | ० | ० |
| ७३ | कृषि विधुतिकरण तथा ट्रान्सफर्मर जडान कार्यक्रम | | ३११५९ | १० | संख्या | ६०.०० | ६०.०० | ० | ० | ० | ० | ० | ० |







Scanned with CamScanner

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७४ | वडाने ४ निर्मित भवनको मर्मत संभार | ३११५९ | १० | मि. | ९.०० | ९.०० | | | | | | |
| ७५ | हरिहरपुर कमलपुर कल्भर्ट निर्माण वडा नं ३ | ३११५९ | १ | संख्या | १५.०० | १५.०० | ० | ० | ० | ० | ० | ० |
| ७६ | पौंटी पौवा र चौतारा निर्माण | ३११५९ | १ | गोटा | ६.०० | ६.०० | ० | ० | ० | ० | ० | ० |
| ७७ | महुली फुलवारी संरक्षण तथा घेरावेरा | ३११५९ | १० | मि. | १०.०० | १०.०० | ० | ० | ० | ० | ० | ० |
| ७८ | नयां खेल मैदान निर्माण वडा नं २ | ३११५९ | १० | मि. | ७.०० | ० | ७.०० | ० | ० | ० | ० | ० |
| ७९ | इदगाह निर्माण वडा नं १ | ३११५९ | १० | मि. | ७.०० | ७.०० | ० | ० | ० | ० | ० | ० |
| ८० | डिहवार बाबा सामुदायिक वन घेरावेरा | ३११५९ | १० | मि. | २०.०० | २०.०० | ० | ० | ० | ० | ० | ० |
| ८१ | अधुरो आयुर्वेदिक भवन निर्माण वडा नं ६ | ३११५९ | १० | मि. | १५.०० | १५.०० | ० | ० | ० | ० | ० | ० |
| ८२ | संमपुरक कोष | ३११५९ | १० | मि. | १,००.०० | १,००.०० | ० | ० | ० | ० | ० | ० |
| ८३ | नाला निर्माण खडानन्द पौडेलको घरदेखी राजमार्ग सम्म वडा नं ६ | ३११५९ | १० | मि. | ५०.०० | ० | ५०.०० | ० | ० | ० | ० | ० |
| ८४ | कुलोहरुको स्तरउन्नती | ३११५९ | १ | मि. | १५.०० | १५.०० | ० | ० | ० | ० | ० | ० |
